परिच्छेद

१

## समग्र मूल्याङ्कन

# सङ्घीयता र मानव अधिकार

सङ्क्रमणकालीन न्याय

मौलिक हक कार्यान्वयनको अवस्था

राष्ट्रिय मानव अधिकार आयोग

राज्य र मानव अधिकार

सन् २०२३ : मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य र तथ्याङ्क

सन् २०२३ लाई सङ्घीयताको कार्यान्वयनको अभ्यास जारी राखेको वर्षका रूपमा लिन सकिन्छ। संविधानसभाद्वारा पारित नेपालको संविधान, २०७२ ले व्यवस्था गरेअनुरूप गत वर्ष दोस्रोपटक तीनै तहको निर्वाचन सम्पन्न भयो। यसबीचमा सङ्घीय अभ्यासका केही तीता मीठा अनुभव र अधिकारको बाँडफाँडजस्ता विषय व्यापक चर्चामा आए। प्रदेश सरकारहरूले सङ्घीय सरकारसँग अधिकार तथा अन्य मामलामा आवाज उठाउन थालेको, स्थानीय तहले आफू अनुकूलका कानुन निर्माण नभएको र अधिकार नदिइएको जस्ता विषयमा गुनासो गरे। कतिपयले यस्ता विवाद तथा तर्कले सङ्घीयतामाथि प्रश्न उठाइरहेको धारणा अघि सारे। तर, यस्तो धारणाको धरातल एकदमै कमजोर रह्यो।

मितव्ययिताका नीतिहरू, भ्रष्टाचारप्रति शून्य सहनशीलता, ढिलासुस्तीप्रति कठोर नीति, सुशासन तथा पारदर्शिताजस्ता विषयलाई प्राथमिकतामा राख्ने उद्घोष गरेको लक्ष्य र नीतिप्रति सरकारी उदासीन रहेको आमगुनासो रह्यो। सरकारी विकास बजेट खर्च नहुने विकास निर्माणका कामको ठेक्का लिने तर ठेक्काको प्रारम्भिक रकम लिएपछि बेपत्ता हुने, निर्माणको काम वर्षौं अलपत्र पार्ने कार्य नेपालमा निरन्तर देखिए पनि यसको निराकरणका लागि सरकारी प्रयत्न भएको पाइएन।

सरकार गठन भएको एक वर्ष पूरा हुँदा जनअपेक्षाअनुसार काम हुन नसकेको भनी सर्वत्र आलोचना भएपछि प्रधानमन्त्री रक्षात्मक हुनुपर्ने र धेरैजसो विषयमा आफैँले स्पष्टिकरण दिनुपर्ने अवस्था सिर्जना भयो। सरकारका मन्त्रीहरूले प्रधानमन्त्रीको भावनाअनुरूप काम गर्न नसकेको, कर्मचारीतन्त्रले सरकारलाई चाहेअनुसार सहयोग नगरेको, प्रदेश र स्थानीय तहमा आवश्यकताअनुसार कर्मचारी व्यवस्था गर्न नसकेकोजस्ता विषयहरूले प्राथमिकता पाइरहे। भ्रष्टाचार नियन्त्रण, सुशासनजस्ता विषय कम प्राथमिकतामा परेको आमधारणा व्याप्त रह्यो। निर्वाचन घोषणापत्र, सरकारका नीति तथा कार्यक्रममा उल्लेखित वाचा पूरा हुन नसक्दा जनताको असन्तुष्टि बढ्नु स्वाभाविक भए पनि सरकारको विरोध गर्नु वा असन्तुष्टि देखाउनुलाई षडयन्त्र ठान्ने सरकारी प्रवृत्ति देखियो।

**तालिका १.१ सन् २०२३ मा प्रदेशगत आधारमा हत्या भएका व्यक्तिहरूको सङ्ख्या**




(स्रोत : इन्सेक, २०२३)

### सन् २०२३ र मानव अधिकारका मुख्य सवाल

#### सङ्क्रमणकालीन न्याय

सङ्क्रमणकालीन न्यायका सरोकारहरू यस वर्ष पनि कायम रहे। नेपाल सरकारले २०७९ फागुन २६ गते संसद सचिवालयमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक दर्ता गर्‍यो। तर, वर्षभरि नै उक्त विधेयक संसदबाट पारित हुन सकेन। यसबीच संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टिनियो गुटेरेसले ०८० कात्तिक १४ गते संयुक्त संसदलाई सम्बोधन गर्दै सङ्क्रमणकालीन न्याय जटिल प्रक्रिया भए पनि यसलाई द्वन्द्वपीडित पक्षको अधिकार रक्षा गर्दै शान्ति प्रक्रियाको बाँकी रहेको यो कार्यभार पनि पूरा गर्न नेपाल सरकारलाई आग्रह गरेका थिए। सम्बोधनमा पीडित केन्द्रित ऐन बन्नुपर्ने सर्वोच्च अदालत विगतमा दिएको आदेशअनुसार अन्तर्राष्ट्रिय मापदण्ड र पीडितहरूका आवश्यकता पूरा गर्ने प्रक्रियाको विकास गर्न र शान्ति प्रक्रियालाई निष्कर्षमा

**तालिका १.२ सन् २०२३ मा जिल्लागत आधारमा पारिवारिक हत्याका सङ्ख्या**

| जिल्ला | हत्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| अछाम | १ | | १ |
| अर्घाखाँची | | १ | १ |
| बाग्लुङ | ४ | २ | ६ |
| बैतडी | | २ | २ |
| बाँके | २ | | २ |
| बारा | २ | १ | ३ |
| बर्दिया | १ | | १ |
| भक्तपुर | १ | | १ |
| भोजपुर | ३ | | ३ |
| चितवन | १ | २ | ३ |
| दैलेख | २ | | २ |
| दाङ | ४ | ३ | ७ |
| दार्चुला | १ | | १ |
| धादिङ | १ | | १ |
| धनकुटा | २ | २ | ४ |
| दोलखा | १ | | १ |
| गुल्मी | १ | | १ |
| हुम्ला | १ | | १ |
| इलाम | ३ | | ३ |
| जाजरकोट | १ | १ | २ |
| झापा | ५ | १ | ६ |
| जुम्ला | २ | | २ |
| काभ्रेपलाञ्चोक | ३ | | ३ |
| कैलाली | २ | २ | ४ |
| कञ्चनपुर | १ | | १ |
| कपिलवस्तु | ३ | ३ | ६ |
| कास्की | १ | १ | २ |
| काठमाडौँ | २ | १ | ३ |

| जिल्ला | हत्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| खोटाङ | १ | | १ |
| लमजुङ | १ | २ | ३ |
| महोत्तरी | १ | | १ |
| मकवानपुर | २ | १ | ३ |
| मोरङ | ३ | १ | ४ |
| नवलपरासी पूर्व | | १ | १ |
| नवलपरासी पश्चिम | २ | १ | ३ |
| नुवाकोट | १ | १ | २ |
| पाँचथर | २ | | २ |
| पर्सा | ३ | १ | ४ |
| प्युठान | २ | २ | ४ |
| रसुवा | १ | | १ |
| रौतहट | २ | १ | ३ |
| रोल्पा | | १ | १ |
| रुपन्देही | ३ | | ३ |
| सल्यान | ७ | | ७ |
| सङ्खुवासभा | १ | १ | २ |
| सप्तरी | ३ | २ | ५ |
| सर्लाही | ३ | १ | ४ |
| सिन्धुली | | १ | १ |
| सिरहा | ५ | १ | ६ |
| सुनसरी | ३ | | ३ |
| स्याङ्जा | २ | | २ |
| तनहुँ | ३ | | ३ |
| ताप्लेजुङ | २ | | २ |
| तेह्रथुम | १ | | १ |
| उदयपुर | ४ | | ४ |
| **जम्मा** | **१०९** | **४०** | **१४९** |

(स्रोत : इन्सेक, २०२३)

पुऱ्याउन सरकारको ध्यानाकर्षण गरिएको थियो (इन्सेक, २०८०)। यसरी महासचिव गुट्रेसले नेपाली र अन्तर्राष्ट्रिय मानव अधिकार समुदायले उठाउँदै आएका धारणालाई नै प्रतिविम्बित गरे।

मानव अधिकार उल्लङ्घनका पीडितलाई सत्य, न्याय र परिपूरण उपलब्ध गराउने काम प्राथमिकताका साथ शान्ति सम्झौता भएपछि तत्कालै टुङ्ग्याउनु पर्थ्यो। तर, राजनीतिक नेतृत्व यसप्रति गम्भीर र संवेदनशील बन्न चाहेन। नेतृत्वले पीडितलाई शान्ति प्रक्रियाको केन्द्रमा राख्नुपर्नेमा आफूलाई केन्द्रविन्दुमा राख्यो। परिणाम, बृहत् शान्ति सम्झौता भएको १८ वर्ष बित्दा पनि द्वन्द्वकालीन घटनाका पीडितले शान्ति र न्याय दुवै पाउन सकेनन्। मारिएका, बेपत्ता पारिएका, विस्थापित भएका, यौन हिंसा तथा उत्पीडनमा परेकाहरूको मानसिक तथा सामाजिक पुर्नस्थापना जुन न्यायसँग प्रत्यक्ष सम्बन्धित थियो, त्यस सम्बन्धमा प्रभावकारी काम हुन सकेन। जुन शान्ति सम्झौताको विपरीत थियो।

यस वर्ष सर्वोच्च अदालतले गरेको परमादेशमा 'सङ्क्रमणकालीन न्यायको विषय लामो समयसम्म अल्झाइनु उपयुक्त नहुने' उल्लेख हुनुले यो विषयले थप बहस निम्त्यायो। शान्ति प्रकृयापछि छिन्नभिन्न भएका माओवादी पार्टीहरू रिट दायर भएसँगै एक ठाउँमा उभिए। नियमित अदालती प्रकृयाबाट शान्ति प्रकृयाका कामहरू गरिए देशको गणतन्त्र खतरामा पर्ने, शान्ति तथा संविधानको उल्लङ्घन हुने र देश पुन: द्वन्द्वमा धकेलिने उनीहरूले धम्की दिए।

सङ्क्रमणकालीन न्यायका विषयलाई राजनीतिक दाउपेचको विषयमात्रै बनाइयो। यो नेपालका राजनीतिक दलहरूको अकर्मण्यताको एक उदाहरण हो। विगतमा आयोग ऐनलाई पीडितमुखी बनाउन सर्वोच्च अदालतले सरकारको नाममा परमादेश नै जारी गरेको थियो भने संयुक्त राष्ट्रसङ्घ, पीडित तथा मानव अधिकार संस्थाहरूले सरकारलाई पटकपटक अपिलसमेत गरेका थिए।

**मौलिक हक कार्यान्वयनको अवस्था**

संविधानले सुनिश्चित गरेका मौलिक हक कार्यान्वयनको अवस्था यो वर्ष पनि फितलो रह्यो। मानव अधिकार संरक्षणसम्बन्धी संवैधानिक तथा नीतिगत, कानुनी र संस्थागत व्यवस्थाअनुसारको कार्य हुन सकेन।

स्वास्थ्य अधिकारका सन्दर्भमा चर्चा गर्दा यो वर्ष पनि देशभरका स्वास्थ्य संस्थामा नि:शुल्क वितरण गरिनुपर्ने औषधि अभाव उल्लेख गर्नै पर्ने हुन्छ। विधानको धारा ३५ ले प्रत्याभूत गरेको स्वास्थ्यसम्बन्धी हकको कार्यान्वयनको अवस्था कमजोर रहेको प्रशस्त दृष्टान्त छन्। सरकारले नि:शुल्क प्रदान गर्ने भनेका ९८ प्रकारका औषधिमध्ये आधाजति औषधि पनि स्वास्थ्य संस्थामा उपलब्ध नभएको पाइयो।

उपचारका क्रममा लापरबाही गरेको आरोपमा स्वास्थ्यकर्मीमा कुटपिट तथा दुर्व्यवहारका घटना यस वर्ष पनि दोहोरिए। घटनामा संलग्नलाई कारबाहीको माग गर्दै स्वास्थ्य संस्थामा हड्ताल गरिँदा बिरामी मर्कामा परे। स्वास्थ्य संस्थामा दरबन्दीअनुसार चिकित्सक व्यवस्था नहुनु, औषधि उपलब्ध नहुनु तथा चेतना अभावका कारण सामान्य रोगबाटै पनि ग्रामीण भेगमा धेरै मानिसको मृत्यु भएका घटना सार्वजनिक भए। सरकारी तयारी अभाव, महामारीको रूप लिन सक्ने रोगबारे चेतना नहुनु तथा नदिइनु जस्ता कारण यसका लागि जिम्मेवार रहे। स्थानीय तहलाई दिइएको अधिकारको

**तालिका १.३ दाइजोका कारण महिलामाथि भएको हिंसा**

| जिल्ला | हत्या | | घरेलु हिंसा | | कुल |
|---|---|---|---|---|---|
| | महिला | जम्मा | महिला | जम्मा | जम्मा |
| बाँके | | | १ | १ | १ |
| बारा | १ | १ | २ | २ | ३ |
| चितवन | | | १ | १ | १ |
| धनुषा | १ | १ | ६ | ६ | ७ |
| कपिलवस्तु | | | ६ | ६ | ६ |
| कास्की | | | १ | १ | १ |
| काठमाडौँ | | | १ | १ | १ |
| महोत्तरी | | | १ | १ | १ |
| रौतहट | १ | १ | | | १ |
| रुपन्देही | | | १ | १ | १ |
| सप्तरी | १ | १ | ९ | ९ | १० |
| सर्लाही | २ | २ | १३ | १३ | १५ |
| सुनसरी | १ | १ | | | १ |
| सुर्खेत | | | २ | २ | २ |
| स्याङ्जा | | | १ | १ | १ |
| **जम्मा** | ७ | ७ | ४५ | ४५ | ५२ |

(स्रोत : इन्सेक, २०२३)

उपयोग गर्न स्थानीय तह चुक्दा डेंगी रोगका कारण ७० जना भन्दा बढीको ज्यान गयो। यस रोगको रोकथामका लागि स्थानीय तहले जुन किसिमको तयारी गर्नुपर्थ्यो, त्यो हुन सकेको पाइएन। स्वास्थ्य बीमावापतको रकम नदिइएको भनी देशका धेरै अस्पताल बीमा कार्यक्रमबाट अलग भए। झण्झटिलो उपचार प्रकृया, बीमा अन्तर्गत पाइने औषधि नपाइनुजस्ता कारणले बीमितहरूको यसप्रतिको आकर्षण घटेको पाइयो (हेर्नुहोस्-जिल्ला विवरणहरू)।

खाद्यसम्बन्धी हकलाई संविधानको धारा ३६ मा प्रत्याभूत गरिएको छ। यसरी सुनिश्चितता र संरक्षणका लागि कानुनी व्यवस्था यस वर्ष पनि हुन सकेन। खेतीयोग्य जमिन बाँझै रहनु, चाहिएको बेलामा मलखाद तथा बीउबीजन उपलब्ध नहुनु, खेतीयोग्य जमिन घडेरीका लागि खण्डीकरण गरिनुजस्ता कारणले खाद्य परनिर्भरताको अवस्था विकराल बन्दै गयो। कर्णालीलगायत क्षेत्रमा बर्सेनि हुने खाद्यान्न अभाव, खाद्यान्नसम्म पहुँचको समस्या र खाद्यान्न व्यवस्थापनको पाटोमा कदम चाल्न राज्य चुकेको देखियो। आधुनिक कृषि प्रणाली विकास गर्ने नीति सरकारले लिएको भनिए पनि प्रभावकारी हुन सकेन। पहाडी तथा अति दुर्गम ३० जिल्लाका नागरिकलाई गुणस्तर तथा सुपथ मूल्यमा खाद्यान्न उपलब्ध गराइने मानव अधिकार राष्ट्रिय कार्ययोजनामा उल्लेख छ। तर, पनि अति विपन्न चेपाङ, राउटे, मुसहर, दलित, वादी, हलिया, बोटेजस्ता समुदायलाई भोकमरीबाट जोगाउनेतर्फ खासै प्रगति भएको पाइएन।

कारागार र बन्दीका सन्दर्भमा संविधानको धारा २० ले प्रत्याभूत गरेको न्यायसम्बन्धी हकका आधारमा यस्तो अधिकारको विश्लेषण गर्नुपर्ने हुन्छ। कारागार ऐनले कारागारलाई सुधार गृहका रूपमा रूपान्तरण गर्ने उद्देश्य राखेको छ। जसअनुसार सामुदायिक कारागार, खुला कारागारको अवधारणा कानुनी दायरामा ल्याइए पनि यसको कार्यान्वयनका लागि संरचना, निर्देशिकालगायत कुनै कुरा तयार भएको छैन। देशभरका कारागारमा क्षमताभन्दा बढी कैदी/बन्दी राखिनाले उनीहरूको दैनिकी कष्टपूर्ण रहेको राष्ट्रिय मानव अधिकार आयोग, इन्सेकलगागतका प्रतिनिधिले कारागार अनुगमनका क्रममा फेला पारे। केही कारागारमा क्षमताभन्दा बढी बन्दी हुँदा पालो गरेर सुत्नुपरेको, झडपका घटना हुने गरेको समाचार पनि प्रकाशन भए।

कारागारको भौतिक अवस्था जीर्ण, क्षमताभन्दा बढी कैदी/बन्दी, पर्याप्त मात्रामा शौचालय तथा पिउने पानीको समस्या, वर्षातको समयमा पानी चुहिने गरेको, खेलकुद तथा मनोरञ्जनका सामग्रीको पर्याप्त व्यवस्था नभएको, सीपमूलक तालिम, औपचारिक शिक्षा तथा पर्याप्त पाठ्यपुस्तक व्यवस्था नहुने, स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका उपलब्ध नहुनेजस्ता समस्या धेरैजसो कारागारमा कायमै छन्। यस वर्ष कारागाका ५१ जना कैदीबन्दीको मृत्यु भयो। सङ्खुवासभा कारागारमा प्रहरी र कैदीबन्दीको यातना तथा कुटपिटबाट दुई जना कैदी बन्दीको मृत्यु भएको घटनाले सुरक्षा र संरक्षणमा प्रश्न चिन्ह खडा भयो। बालसुधार गृहको दूरावस्था तथा

**तालिका १.४ सन् २०२३ मा मानव अधिकार रक्षकको अवस्था**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| गिरफ्तार | ४ | २२ | २६ | | | | २६ |
| कुटपिट | १ | ३ | ४ | ८ | ४३ | ५१ | ५५ |
| अमानवीय व्यवहार | १ | १ | २ | १ | ७ | ८ | १० |
| घाइते | | | | | ३ | ३ | ३ |
| हत्या | | | | | २ | २ | २ |
| जातीय विभेद | | | | २ | १ | ३ | ३ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | २० | ३७ | ५७ | २ | १४ | १६ | ७३ |
| धम्की | | ४ | ४ | २ | १० | १२ | १६ |
| महिला अधिकार | | | | ४ | | ४ | ४ |
| जम्मा | २६ | ६७ | ९३ | १९ | ८० | ९९ | १९२ |

(स्रोत : इन्सेक, २०२३)

लापरबाहीका कारण बालकहरू मृत्यु भएका घटना सार्वजनिक भए। सुधार गृह भनिएका स्थान यातना गृहजस्ता रहेको अनुगमनका क्रममा पाइयो।

महिलामाथि हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहारलाई संविधानको धारा ३८ मा व्यवस्था गरिएको महिलाको हकको दृष्टिले अनुगमन गर्दा सन् २०२३ मा महिलामाथि भएका हिंसाका घटनामा ५ हजार ९ सय ३ जना पीडित भएको अभिलेख भयो। यस वर्ष घरेलु हिंसाका घटनामा ४ हजार ९ सय ६३ जना, 'बोक्सी'को आरोपमा २५ जना, बलात्कारका घटनामा ६ सय ५१ जना, बलात्कार प्रयासका घटनामा १ सय ५२ जना, यौन दुर्व्यवहारको घटनामा ५४ जना, बेचविखन प्रयासका घटनामा २५ जना, बेचबिखनका घटनामा ३० जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो।

यस वर्ष पारिवारिक हत्याका घटनामा १ सय ९ जना महिलाहरू मारिए। भनेजति दाइजो नल्याएको आरोपमा सात जना महिलाको हत्या भयो भने सोही कारणले ४५ जना महिलामाथि हिंसा भएको अभिलेख भयो। विगत वर्षहरू जस्तै यस वर्ष पनि पारिवारिक हत्याका विभत्स घटनाहरूको सङ्ख्या उल्लेख्य नै रह्यो।

कुप्रथा र अन्धविश्वासका कारण वर्षौंदेखि बोक्सीको आरोपमा हिंसा तथा बहिस्करणको दुस्चक्रमा महिलाहरू पीडित हुने क्रम यस वर्ष पनि रोकिएन।

सल्यान जिल्ला कुमाख गाउँपालिका- २ स्थित ४० वर्षीया महिलालाई ०७९ फागुन २१ गते बोक्सीको आरोपमा सोही ठाउँका ५८ वर्षीय कालु बुढाले कुटपिट गरे। प्रहरीले आरोपितलाई फागुन २५ गते गिरफ्तार गऱ्यो। जिल्ला न्यायाधीश गिरीराज गौतमको ०८० असार २७ गतेको इजलासले आरोपितलाई २ वर्ष कैद, ७० हजार जरिबाना र १ लाख ५० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

नेपालको संविधान २०७२ को धारा ३८ को उपधारा ३० ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख छ। महिलामाथि हुने घरेलु हिंसा नियन्त्रण कसुर सजाय ऐन २०६६ जारी भई लागु भएको छ। सामाजिक, सांस्कृतिक मान्यतामा आधारित कुरीतिजन्य अभ्यासका कारण महिलाहरू हिंसाको दुष्चक्रबाट बाहिर निस्कन सकेका छैनन्। कथित बोक्सीको आरोपमा हुने हिंसा, महिनावारी भएको बेला गरिने विभेद, दाइजोका कारण गरिने मानसिक तथा शारीरिक यातना, बालविवाहजस्ता घटनामा महिला पीडित हुँदै आएका छन्। इन्सेक प्रतिनिधिले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र अनुगमनका क्रममा त्यहाँ दर्ता भएका अधिकांश उजुरीमा मेलमिलाप गरिएको पाए।

बारा जिल्ला विश्रामपुर गाउँपालिका-१ चतवा टोलकी २५ वर्षीया जया कुशवाहालाई दाइजो नल्याएको आरोपमा ०८० साउन १२ गते हत्या गरेको आरोपमा पीडित पक्षले ३२ वर्षीय पति सन्दीप कुशवाहा, ५० वर्षीया सासू विद्यादेवी कुशवाहा र २७ वर्षीय देवर प्रवीण कुशवाहाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा ०८० साउन १७ गते उजुरी दियो। मोटरसाइकल किनेर दिए पनि कुटपिट गरेको र घरनिकाला समेत गरेपछि जयाले ०७९ फागुन १५ गते जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा

**तालिका १.५ सन् २०२३ मा बाल अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या**

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| | महिला | जम्मा | महिला | पुरुष | जम्मा | |
| बाल विवाह | | | ३८ | | ३८ | ३८ |
| बेचबिखन तथा ओसारपसार | | | ४३ | ९ | ५२ | ५२ |
| विद्यालयमा दिइने शारीरिक सजाय | | | २४ | ५९ | ८३ | ८३ |
| नवजात शिशुको हत्या | | | १ | ७ | ८ | ८ |
| बलात्कार | | | १,००२ | | १,००२ | १,००२ |
| यौन दुर्व्यवहार | १ | १ | ३७२ | १९ | ३९१ | ३९२ |
| जम्मा | १ | १ | १४७० | ९४ | १५६४ | १५६५ |

(स्रोत : इन्सेक, २०२३)

उजुरी दिएकोमा ०७९ चैत १७ गतेको छलफलमा कुटपिट नगर्ने र कुनै प्रकारको यातना नदिने भन्दै 'मेलमिलाप' भएको थियो।

सामाजिक सञ्जाल प्रयोग गरेर महिला तथा बालबालिकामाथि हुने हिंसाका घटनाको दर बढिरहेको छ। पीडित प्रविधिको प्रयोगमा कम जानकार हुनु, आरोपितहरूलाई कानुनी दायरामा ल्याउन नसकिनु जस्ता कारणले साइबर अपराधका घटना बढिरहेका छन्। यस वर्ष सामाजिक सञ्जाल प्रयोग गरी महिला तथा बालबालिकामाथि भएको हिंसाका घटनामा ८८ जना बालिका, चार जना बालक तथा १ सय ३१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

बाल अधिकारको अवस्थालाई संविधानको धारा ३९ मा व्यवस्था गरिएको बाल बालिकाको हकको कसीमा हेर्दा देशका कर्णधार वा भविष्य भनिने बालबालिकामध्ये कैयन् वर्तमानमै असुरक्षित छन्। बालश्रम, बालबालिका ओसारपसार, बेचबिखन, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट बञ्चितीजस्ता बाल अधिकार हननबाट बालबालिका पीडित भएको इन्सेकको अभिलेखले दर्शाए। इन्सेक प्रतिनिधिहरूले जिल्लाका विद्यालयहरूको अनुगमन गरेका थिए। धेरैजसो विद्यालयका भवन बालमैत्री थिएनन्। छात्राहरूका लागि उचित शौचालय थिएन। अत्यन्त न्यून सङ्ख्यामा अपाङ्गमैत्री विद्यालय भेटिए। नि:शुल्क शिक्षाको विषय व्यवहारमा लागु भएको पाइएन। सामुदायिक विद्यालयले विभिन्न बहानामा शुल्क असुल गरेको पाइयो। *(हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरणमा शिक्षाको अवस्था)।* यसबाहेक समाजमा अन्यपक्षबाट पनि बालबालिका उत्तिकै

**तालिका १.६ सामाजिक सञ्जालको दुरुपयोग गरी महिला र बालबालिकामाथि भएका हिंसाका घटनाका पीडितहरू**

| घटनाको प्रकार | अन्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ८८ | ४ | ९२ |
| महिला अधिकार | १३१ | | १३१ |
| **जम्मा** | २१९ | ४ | २२३ |

(स्रोत : इन्सेक, २०२३)

हिंसाको चपेटामा परे *(हेर्नुहोस् अनुसूची १, परिशिष्ट, पृ. ४०२)।*

यस वर्ष बाल अधिकार उल्लङ्घनका १ हजार ५ सय ६५ जना पीडित भए। जसमध्ये बलात्कारका घटनामा १ हजार २ जना, यौन दुर्व्यवहारका घटनामा ३ सय ९२ जना, विद्यालयमा शारीरिक सजाय दिइएका घटनामा ८३ र बेचबिखनका घटनामा ५२ जना बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। विद्यालयमा हुने शारीरिक दण्डका घटनाका आरोपित कमै मात्र कानुनी दायरामा आए।

काठमाडौँको बुढानीलकण्ठ नगरपालिका-१०, कपनस्थित बाल उद्धार माविको कक्षा १० मा अध्यनरत १५ वर्षीय छात्रलाई ०८० जेठ २२ गते सोही विद्यालयका शिक्षक २९ वर्षीय उदयराज कार्की, ३२ वर्षीय रोशन श्रेष्ठ र २७ वर्षीय सौरभ गौतमले कुटपिट गरे। तिघ्रा र घाँटीमा गम्भीर चोट लागेका पीडितको चाबहिलस्थित हेल्पिङ हेन्ड्स अस्पतालमा उपचार भयो। विद्यालय व्यवस्थापन समितिको जेठ २५ गतेको बैठकले

**तालिका १.७ सन् २०२३ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या**

| घटनाको प्रकार | राज्यपक्षबाट | | अन्यपक्षबाट | | कुल |
|---|---|---|---|---|---|
| | महिला | जम्मा | महिला | जम्मा | जम्मा |
| बेचबिखन तथा ओसारपसार प्रयास | | | २५ | २५ | २५ |
| घरेलु हिंसा | | | ४,९६३ | ४,९६३ | ४,९६३ |
| 'बोक्सी'को आरोप | | | २५ | २५ | २५ |
| प्रसूति सेवा | २ | २ | १ | १ | ३ |
| बलात्कार | | | ६५१ | ६५१ | ६५१ |
| बलात्कार प्रयास | | | १५२ | १५२ | १५२ |
| यौन दुर्व्यवहार | १ | १ | ५३ | ५३ | ५४ |
| बेचबिखन तथा ओसारपसार | | | ३० | ३० | ३० |
| **जम्मा** | ३ | ३ | ५,९०० | ५,९०० | ५,९०३ |

(स्रोत : इन्सेक, २०२३)

कुटपिटमा संलग्न तीनै जना शिक्षकलाई निलम्बन गऱ्यो। जिल्ला अदालतले आरोपितहरूलाई ५० हजार धरौटीमा छाड्न आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

बनगाड कुपिण्डे नपा-१० माझकाँडाका ८ वर्षीय भिजन घर्तीको ०७९ माघ १ गते 'आफूलाई देउता चढेको' भन्दै घरनजिकै रहेको मन्दिरमा लगेर धारिलो हतियार प्रहार गरी हत्या गरेको भन्दै सोही ठाउँका २८ वर्षीय डम्बर पुरीविरुद्ध पीडित पक्षले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १ गते गिरफ्तार गऱ्यो। शव मन्दिरभित्र गाडेको अवस्थामा फेला पऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको चैत २१ गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला सुनायो।

चन्द्रकोट गाउँपालिका-४ शान्तिपुरकी १५ वर्षीया बालिकाको शव ०८० कार्तिक १७ गते घर नजिकैको हुँग्दीखोलामा नग्न र डुबेको अवस्थामा फेला पऱ्यो। मृतक बालिका शान्तिपुरको श्रीलङ्काटोलमा आमासँग भाडाको घरमा बस्दै आएकी थिइन्। आमासँग घरनजिकैको खेतमा काम गर्न गएकी बालिका कात्तिक १६ गतेदेखि बेपत्ता भएकी थिइन्। साँझ अबेरसम्म छोरी सम्पर्कमा नआएपछि परिवारले सबैतिर खोजे पनि भेटाएनन्। कात्तिक १७ गते बालिकको शव फेला पऱ्यो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले बाँके खजुरा गाउँपालिका-४ का २३ वर्षीय रहिस खाँलाई कात्तिक १७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ११ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

जातीय विभेदविरुद्धको व्यवस्थालाई संविधानको धारा ४० मा उल्लेख गरिएको छ। नेपालमा कानुनत: छुवाछुतको अन्त्यको घोषणा भएको ६ दशकभन्दा बढी समय भइसकेको छ। छुवाछुतलाई दण्डनीय फौजदारी अपराधका रूपमा परिभाषित गरी जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन-२०६८ प्रचलनमा छ। नेपालको संविधान, २०७२ ले अझै परिस्कृत रूपमा प्रत्याभूतिसमेत गरेको छ। तथापि कानुन कार्यान्वयन पक्षमा हामी जहाँको तहीँ छौं। जातीय भेदभाव र छुवाछुतलाई पीडितहरूको दृष्टिकोणबाट हेर्दा नेपालको संविधानले प्रदान गरेका समानताको अधिकार तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालले गरेका प्रतिबद्धता केवल कागजी प्रतिबद्धतामा मात्र सीमित हुन पुगेका छन्। यस वर्ष जातीय विभेदका घटनामा ६२ जना पीडित भएको अभिलेख भयो। धेरैजसो घटनामा मिलापत्र भए। जातीय विभेद गरेको आरोपमा पोखरा नगरपालिका एक जना वडाध्यक्षलाई अदालतले कैद र जरिबाना तोक्यो।

पोखरा मनपा-२४ की ३६ वर्षीया वडा सदस्य मैया नेपालीलाई ०७९ पुस १८ गते अपशब्द प्रयोग गरी गालीगलौज गरेको आरोपमा ४५ वर्षीय वडाध्यक्ष भरतबहादुर अधिकारीविद्ध पीडितले पुस २४ गते जिल्ला प्रहरी कार्यालय, कास्कीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले पुस २६ गते गिरफ्तार गऱ्यो। अधिकारी माघ ९ गते जिल्ला अदालतमा १ लाख ५० हजार रुपियाँ धरौटी बुझाएर रिहा भए। न्यायाधीश अवनी मैनाली भट्टराईको ०८० मङ्सिर ७ गतेको इजलासले आरोपितलाई साढे चार महिना कैद, ७५ हजार रुपियाँ जरिबाना र १० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिने फैसला गऱ्यो। तीन महिना कैद ५० हजार जरिबाना भनिए पनि जनप्रतिनिधि भएकाले ५० प्रतिशत थप सजाय तोकियो।

**नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता**

नेपाल सरकारले विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) को तेश्रो चक्र अन्तर्गतको प्रक्रियामा कार्यदलले गरेको सिफारिस बमोजिम प्राप्त २ सय ३३ सुझावमध्ये १ सय ९६ सिफारिस स्वीकार गऱ्यो। सोही बमोजिम २०७८ कात्तिकमा मन्त्रिपरिषद्ले विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०७८-२०७९) स्वीकृत गऱ्यो। मानव अधिकारको पाचौं राष्ट्रिय कार्ययोजना र यूपीआरको सिफारिस

**तालिका १.८ उमेर समूह अनुसार पीडित बालबालिकाको सङ्ख्या**

| घटनाको प्रकार | १-५ | ६-११ | १२-१७ | जम्मा |
|---|---|---|---|---|
| बाल विवाह | | १ | २७ | २८ |
| बेचबिखन तथा ओसारपसार | २ | २ | ४८ | ५२ |
| विद्यालयमा दिइने शारीरिक सजाय | | १६ | ६७ | ८३ |
| नवजात शिशुको हत्या | ७ | | १ | ८ |
| बलात्कार | ४४ | १५५ | ८०३ | १००२ |
| यौन दुर्व्यवहार | २२ | ९७ | २७३ | ३९२ |
| जम्मा | ७५ | २७१ | १२१९ | १५६५ |

(स्रोत : इन्सेक, २०२३)

कार्यान्वयनका लागि एकीकृत प्रयत्न सुरु गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि महाशाखाले सार्वजनिक गरेको प्रतिबद्धताले सिफारिस कार्यान्वयनमा प्रगति हुने आशा जगाएको छ। यद्यपि प्रगति प्रतिवेदनमा मापनयोग्य सङ्ख्या र गुणस्तरको तथ्याङ्क प्रस्तुत गर्न र सिफारिस कार्यान्वयनमा सरकारका तहगत निकाय र प्रदेश तथा स्थानीय सरकारको उत्तरदायित्व सुनिश्चित गर्नु चुनौतीपूर्ण देखिन्छ। सामाजिक संस्था र शैक्षिक सङ्घसंस्थासँगको सहकार्य प्रवर्धन गरी सिफारिसको स्थानीयकरण तथा तथ्याङ्कको सुनिश्चिततामा थप कार्य गर्नु आवश्यक देखिन्छ।

संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा विश्व सरकारद्वारा १७ वटा लक्ष्यसहित सन् २०१६ देखि २०३० सम्मको समयावधिका लागि दिगो विकास लक्ष्य तय गरिएका छन्। यो विकास लक्ष्यले सहस्राब्दी विकास लक्ष्यझैँ आफैँमा कुनै पनि प्रकारको कानुनी दायित्व सिर्जना गर्दैनन्। नेपाल सरकारले यस लक्ष्यमा तय गरिएका विकास लक्ष्यहरू आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू प्राप्तिका लागि प्रतिबद्धता जनाएको छ जुन यी अधिकार उपभोगका लागि महत्वपूर्ण प्रस्थान विन्दु हुन्। दिगो विकासका लागि विकासको कार्यसूचीका रूपमा राष्ट्रसङ्घ महासभाबाट अनुमोदित यी लक्ष्यले विकासलाई दिगो र विस्तृत बनाउन आवश्यक क्षेत्रहरू सबै समेटेको छ। जसले आधारभूत मानवीय आवश्यकता पूर्तिबाट कोही छुट्नु हुँदैन भन्ने मान्यता अँगालेको छ।

नेपाल सरकारको पाचौँ पञ्चवर्षीय मानव अधिकार कार्ययोजना (२०७८-२०८२) को अवधि केही समय बाँकी हुँदा मानव अधिकारका प्राथमिकता क्षेत्र निर्धारण गरी कार्ययोजनाको आवधिक मूल्याङ्कन र प्रभावकारी अनुगमन भने हुन सकेन (हेर्नुहोस कार्यपालिका, पृ.४४)।

### राष्ट्रिय मानव अधिकार आयोग

सरकारले २०७७ मङ्सिर २० गते अध्यादेश मार्फत संवैधानिक परिषद् ऐन संशोधन गरी संवैधानिक आयोगका पदाधिकारीको नियुक्ति गऱ्यो। पुस ५ गते संसद विघटन भएपछि संसदीय सुनुवाइ नभई राष्ट्रिय मानव अधिकार आयोग लगायतका संवैधानिक आयोगका पदाधिकारीको माघ २१ गते सपथ ग्रहण भयो (नागरिक, २०७७)। त्यसको लगत्तै नियुक्तिलाई असंवैधानिक भन्दै अधिवक्ता ओमप्रकाश अर्यालले सर्वोच्चमा अदालतमा रिट दायर गरेका थिए (नयाँ पत्रिका, २०८०)। तर, सन् २०२३ को अन्त्यसम्मै यसै विषयका १० ओटा रिटको टुङ्गो लाग्न सकेन।

पहिलो पटक सार्वजनिक सुनुवाइ बिना राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूको नियुक्ति भएपछि राष्ट्रिय मानव अधिकार संस्थाको विश्वव्यापी सञ्जाल (गान्हरी) ले राष्ट्रिय मानव अधिकार आयोग, नेपालको श्रेणी घटुवा गर्न सक्छ भन्ने आशङ्का व्याप्त भयो। २०८० कात्तिकमा गान्हरीले उक्त आशंका अन्त्य गर्दै मानव अधिकार आयोगलाई 'क' श्रेणीमै कायम गर्ने निर्णय गऱ्यो। राष्ट्रिय मानव अधिकार आयोग, नेपाल 'क' श्रेणीमा कायमै रहेको यस सन्दर्भमा

**तालिका १.९ उमेर समूह अनुसार पीडित महिलाहरूको सङ्ख्या**

| घटनाको प्रकार | १८-२३ | २४-२९ | ३०-३५ | ३६-४१ | ४२-४७ | ४८-५३ | ५४-५९ | ६०-६५ | ६६-७१ | ७२+ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार प्रयास | १७ | २ | ४ | २ | | | | | | | २५ |
| घरेलु हिंसा | ८१८ | १५२० | १४१८ | ५८७ | २८५ | १४७ | ७८ | ६६ | २३ | २१ | ४९६३ |
| 'बोक्सी'को आरोप | | २ | ४ | २ | ५ | ५ | ३ | | ४ | | २५ |
| प्रसूति सेवा | | २ | १ | | | | | | | | ३ |
| बलात्कार | २३४ | १७३ | ११२ | ४७ | ३० | ९ | १६ | १३ | ७ | १० | ६५१ |
| बलात्कार प्रयास | ४८ | २१ | ४१ | १६ | ६ | ५ | ७ | ५ | १ | २ | १५२ |
| यौन दुर्व्यवहार | १७ | १२ | १२ | ४ | ४ | ५ | | | | | ५४ |
| बेचबिखन तथा ओसारपसार | १८ | ४ | ४ | ३ | | | | १ | | | ३० |
| **जम्मा** | ११५२ | १७३६ | १५९६ | ६६१ | ३३० | १७१ | १०४ | ८५ | ३५ | ३३ | ५९०३ |

(स्रोत : इन्सेक, २०२३)

नेपालको वर्तमान संविधान जारी हुनुभन्दा अघिको राष्ट्रिय मानव अधिकार ऐन २०६८ लाई विस्थापित गर्दै आयोगलाई पेरिस सिद्धान्त (१९९३) अनुसार अझ बढी स्वायत्त र प्रभावकारी बनाउने गरी नयाँ कानुनको निर्माण गर्ने प्रकृयाको गति बढाउनु सरकारको दायित्व हुन आएको छ। संसदले यस विषयमा सम्पूर्ण राजनीतिक दलहरूको सहमतिका आधारमा टुङ्गोमा पुऱ्याउनु विलम्ब गर्नु हुँदैन।

कुनै पनि देशको 'ख' श्रेणीको आयोगको सिफारिस कार्यान्यवन गर्न राज्य बाध्यकारी नहुने हुँदा नेपालको आयोगको श्रेणी घटुवा भएको भए देशभित्रको मानव अधिकार अवस्था अझ जटिल हुन सक्ने थियो। संसारका धेरै मानव अधिकार आयोगभन्दा सुस्पष्ट रूपमा संविधान र कानुनबाट स्वायत्तता र स्वतन्त्रता प्राप्त गरेको नेपालको आयोगको श्रेणी घटुवा भएको भए राज्यका निकायले प्राप्त गर्ने अन्तर्राष्ट्रिय अनुदानमा पनि प्रतिकूल असर पर्न सक्ने थियो। अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत नेपाललाई दूरगामी असर पर्न सक्ने थियो। मानव अधिकारका कतिपय अन्तर्राष्ट्रिय मञ्चहरूबाट नेपाल वञ्चित हुन सक्ने थियो भने पुःन स्तरोन्नतिका लागि गरिने प्रयास सहज हुने थिएन। उल्लेखित तथ्यहरूलाई नेपाल सरकार, संसद, राजनीतिक दलहरू र राष्ट्रिय मानव अधिकार आयोगले समेत गम्भीरतापूर्वक मनन गर्दै अब आयोगसम्बन्धी नयाँ कानुन निर्माणमा इमान्दार पहल गर्ने पर्दछ।

मानव अधिकार आयोगले नागरिक समाज र मानव अधिकार संस्थाहरूसँगको सार्थक र प्रभावकारी सहकार्य बढाउँदै मानव अधिकार संरक्षण र संवर्द्धन तथा मानव अधिकार रक्षकको सुरक्षाका सन्दर्भमा आफ्नो सकृयता बढाउनु जरुरी छ। गान्हारीको पछिल्लो निर्णय अघि आयोग कदाचित तदर्थ मानसिकतामा खुम्चिएको थियो भने अब यसले त्यस अवस्थाभन्दा माथि उठ्दै मानव अधिकार तथा नागरिक समाज संस्थाहरूसँग गतिविधिको तहमा मात्र होइन, नीतिगत तहमा पनि सशक्त सहकार्यको वातावरण बनाउनु पर्दछ। नेपालका मानव अधिकार तथा नागरिक संस्थाहरूको सङ्घर्षको प्रतिफलका रूपमा स्थापित र उनीहरूकै सचेत निगरानीका कारण 'क' श्रेणीमा कायम रही आएको राष्ट्रिय मानव अधिकार आयोग मजबुत, स्वायत्त, सक्षम, संवेदनशील, प्रभावकारी, सकृय र हरेक क्षण मानव अधिकारको संरक्षण र संवर्द्धनमा तत्पर र समर्पित हुनु पर्दछ। जुनसुकै परिस्थितिमा पनि

**तालिका १.१० सन् २०२३ मा दाइजोका कारण महिलामाथि भएको हिंसाबाट पीडित भएकाहरूको सङ्ख्या**




(स्रोत : इन्सेक, २०२३)

आयोगका पदाधिकारीहरूमा जिम्मेवार, सक्षम, नैतिक र कम्तीमा पनि परिपक्व सुनिश्चित हुनुपर्ने विषय यस वर्ष झन् टड्कारो देखिन्छ।

मानव अधिकार संरक्षण र संवर्द्धन कार्यलाई प्रभावकारिताका साथ मानव अधिकार आयोग र मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरुबीच यस वर्ष पनि अपेक्षाकृत समन्वय र सहकार्य भएको देखिएन। यस सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरूबीच समन्वय र सहकार्य सम्बन्धी रणनीतिक ढाँचा तयार गरिएको छ। तर, राष्ट्रिय मानव अधिकार आयोगबाहेक अन्य आयोगका कर्मचारी प्रशासनमा भइरहने फेरबदली र सबै आयोगहरूमा भएको नियुक्ति विरुद्धमा परेको मुद्दा समेतका कारण उत्पन्न परिस्थितिले गर्दा आयोगहरुबीच मानव अधिकारका सवालहरूमा उत्साहप्रद समन्वय र सहकार्यको अभाव रह्यो। मानव अधिकार शिक्षा लगायत शिक्षामूलक तथा सचेतनामूलक प्रवर्धनात्मक कृयाकलापहरू समन्वयनात्मक रूपमा सञ्चालन गर्नको लागि समन्वय र सहकार्य आवश्यक पर्दछ (राष्ट्रिय मानव अधिकार आयोग, २०७९) भनिए पनि तद्अनुकूल कार्य भएको पाइएन।

## राज्य र मानव अधिकार

### न्यायपालिका

न्यायपालिकाले व्यक्तिको स्वतन्त्रता र अधिकारको रक्षा गर्ने कानुनको व्याख्या र कार्यान्वयन गरेर मानव अधिकारको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने दायित्व निर्वाह गर्नुपर्दछ। मानव अधिकारका अन्तर्राष्ट्रिय प्रावधानहरूसँग नेपालको कानुन मिल्दोजुल्दो छ कि छैन भन्ने सुनिश्चित गर्ने दायित्व पनि यसैको हो। नागरिकले आफ्ना अधिकारहरूको उल्लङ्घन भएका मुद्दाहरूको अदालतमा सुनुवाइ

**तालिका १.११ सन् २०२३ मा पेसागत आधारमा पीडित सङ्ख्या**

| पेसा | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | क्यू | जम्मा |
| राजनीतिक कार्यकर्ता | ३४ | २६३ | २९७ | ६ | ३३ | | ३९ |
| सामाजिक कार्यकर्ता | १ | १ | २ | १ | २ | | ३ |
| स्वास्थ्यकर्मी | | १ | १ | २५ | १५ | | ४० |
| सुरक्षाकर्मी | ३ | ३२ | ३५ | ९ | ८९ | | ९८ |
| कानुन व्यवसायी | | | | २ | | | २ |
| मानव अधिकारकर्मी | १७ | ४ | ६४ | ३ | १६ | | १९ |
| मजदुर | | १८ | १८ | १५५ | २५ | १ | १८१ |
| नाबालक | | | | ५१ | १५ | | ६६ |
| अन्य | ५ | ७६ | ८१ | | ३ | | ३ |
| जागिरे/कर्मचारी | १ | ६२ | ६३ | ७३ | ४४ | | ११७ |
| पत्रकार | १ | ७ | ८ | २ | ३२ | | ३४ |
| विद्यार्थी | १० | ११६ | १२६ | १६१० | १५० | | १७६० |
| शिक्षक | ७ | ११ | १८ | २५ | १५ | | ४० |
| उद्योग व्यवसायी | १ | ८ | ९ | ७० | २० | | ९० |
| कृषक | ३६ | २०० | २३६ | २६८० | २१७ | १ | २८९८ |
| गृहिणी | ३० | | ३० | २९९८ | | | २९९८ |
| नखुलेको | | | | ४ | ५ | | ९ |
| जम्मा | १४६ | ८४२ | ९८८ | ७७१६ | ६८२ | २ | ८४०० |

(स्रोत : इन्सेक, २०२३)

भएपछि उपयुक्त निर्णय हुन्छ र न्याय पाइन्छ भन्ने विश्वास गर्ने आधार भएन भने न्याय प्रणालीप्रतिको आस्था खस्किने खतरा हुन्छ। सरकारले गरेका कार्य वा निर्णय मात्र होइन, संसदबाट निर्माण गरिएको कुनै कानुनसमेत संविधान वा मानव अधिकार विपरीत भएको पाइएमा न्यायालयले खारेज गर्न सक्दछ।

मानव अधिकार, न्याय र विधिको शासन जोडिएका विषयको न्याय निरूपणमा एकरूपता देखिएन। रिगल प्रकरणमा तत्काल विवाद टुंग्याउनसक्ने सर्वोच्च अदालतले रेशम प्रकरण लामो समय अल्मल्याएर राख्यो। विचार तथा अभिव्यक्ति स्वतन्त्रताजस्तो महत्वपूर्ण विषयमा अदालतले न्याय निरूपण गर्न सकेन। टिकटकमाथिको प्रतिबन्ध विरुद्ध सर्वोच्चमा परेको रिट यस वर्षको अन्त्यसम्म फैसला हुन सकेन। अदालतमा मुद्दाको सङ्ख्या बढ्ने र सेवाग्राहीले न्याय पाउन ढिलाइ हुने समस्यामाथि सम्बोधन गर्न न्यायिक नेतृत्व अग्रसर भएको देखिएन।

**कार्यपालिका**

मानव अधिकारको पालनासँगै सरकारले सबै नागरिकको जीउज्यानको सुरक्षासमेत गर्नुपर्ने दायित्व हुन्छ। अपराध नियन्त्रण र कानुन कार्यान्वयनको मूल नेतृत्वकर्ता सरकार नै हो। मानव अधिकारको क्षेत्रका अतिरिक्त अन्य क्षेत्रमा राज्यले गर्ने खर्च र सरकारको नीतिबाट पनि सरकारको मानव अधिकारप्रतिको प्रतिबद्धता मापन हुन्छ। लोकतान्त्रिक सरकारको मुख्य काम भनेकै नागरिकको सम्मानित भएर बाँच्न पाउने अधिकार सुनिश्चित गर्नु हो। यस वर्ष राज्यपक्षबाट ६ जना नागरिकको हत्या भयो। प्रहरीले संयमता नदेखाउँदा अत्यधिक बल प्रयोगका घटना सार्वजनिक भए।

यो वर्ष न्यून बेतनधारीको जनजीविकाका सवाल ज्यादा नै मुखरित भएर आए। सहकारी मार्फत नागरिकले गरेका लगानीको प्रतिफल भएन। राज्यको प्रभावकारी नियमन हुन नसक्दा सहकारीमा पैसा फसेका कतिपयले आधारभूत जीवनयापन गर्न कठिनाइ भयो। नेपालमा श्रमबजारको सम्भावना नभएकाले गैरकानुनी बाटो हुँदै अमेरिका जाने, रुसी सेनामा भर्ती हुने र विभिन्न मुलुकहरूमा अवैध रूपमा जाने परिपाटी मौलायो। न त सरकारले श्रम बजारको सिर्जना गर्‍यो, न सुरक्षित श्रम बजारको व्यवस्थापन गर्न सक्यो। खतरायुक्त क्षेत्रमा जान नागरिकलाई निषेधित गर्ने नीति सरकारले बनाउन सकेन। 'रुसले भनेको बेला कहाँ नागरिक फिर्ता दिन्छ र ?' भनी प्रधानमन्त्री प्रचण्डले एक कार्यक्रममा बताए। अहिले शुल्कयुक्त श्रम व्यवस्थापनको कुरा आएको छ। आकर्षक श्रम गन्तव्यमै जाने प्रतिस्पर्धामा अवसर नपाउँदा र राज्यले नागरिकलाई व्यवस्थापन गर्न नसक्दा बालकुमारी घटना भयो। न्यून बेतनका कारण नेपालमा भएकाहरूले कष्टकर रूपमा जीवनयापन गरिरहेका छन्। सामाजिक सञ्जालको बढ्दो प्रयोग र अनलाइन अपराधलाई सम्बोधन गर्दै एकीकृत र प्रभावकारी कानुनी र व्यवस्था अपर्याप्तता हुनुपर्ने जति विस्तार नभएको डिजिटल मिडिया साक्षरताका कारण कतिपय गलत कामकारबाहीले प्रश्रय पाए। स्वतन्त्र रूपमा निर्वाचित कतिपय जनप्रतिनिधिको रवैयाका कारण सडक, फुटपाथबाट जीविकोपार्जन गरिरहेकाहरूले प्रताडना भोग्नुपर्‍यो, उनीहरूको स्वरोजगार हरण भयो।

नक्कली शरणार्थी प्रकरणमा प्रभावकारी र निष्पक्ष अभियोजन भएन, ठूलाले उन्मुक्ति पाए, अरुमाथि चलेको मुद्दा विचाराधीन छ। थुनछेकको आदेशमाथि समेत सार्वजनिक आलोचना र टिकाटिप्पणी भइरहेको छ। असल आचरणका कैदीले पाउने माफीमिनाहाको अवधारणाको चरम दुरुपयोग भयो, तर अब पीडितको सहमतिमा मात्रै कैद छुट र माफी मिनाहा हुने भन्ने अदालतको नयाँ न्यायिक दृष्टिकोण भने नेपालको फौजदारी न्यायको इतिहासमा कोशेढुङ्गा हुने निश्चित छ। एक वर्षमात्रै थुना हुने र सामान्य प्रकृतिको ललिता निवास प्रकरणमा समेत सङ्गठित अपराधको आरोपमा नागरिकलाई लामो समय थुनामा राख्ने र पछि सामान्य प्रकृतिको मुद्दा चलाउने काम भयो। अभियोजनमा एकरूपता देखिएन।

**व्यवस्थापिका**

मानव अधिकारको संरक्षण र प्रवर्धन गर्ने कानुन र नीतिहरू लागु गर्न र सरकारका कामकारबाहीहरूको अनुगमन गर्ने जिम्मेवारी संसदले पूरा गर्न सकेन। आमजनताको सरोकारहरूको प्रतिनिधित्व गर्दै आवश्यक कानुनहरू निर्माण गर्ने र आफ्ना कार्यहरूका लागि सरकारलाई जवाफदेही बनाउनेभन्दा पनि सत्ताको खिचातानी र वेवास्ताको शिकार व्यवस्थापिका भयो। संसद गठनको लामो समयपछि गठन भएका संसदीय समितिहरूले प्रभावकारी उपस्थिति देखाउन सकेनन्।

एक वर्षको अवधिमा जम्मा एउटा कानुन बनाएर संसदले आफ्नो अकर्मण्यता पुष्टि गर्‍यो।

सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधन विधेयक राजनीतिक दाउपेचको विषय बनाइयो। बजेटसँग सम्बन्धित तीनओटा बाहेक सङ्घीय संसदले थप एउटामात्र विधेयक पारित गऱ्यो। संसदमा विचाराधीन दुई दर्जन विधेयक टुङ्गोमा पुग्न सकेन्न्। यस तथ्यका आधारले मुलुकको प्रमुख व्यवस्थापिका आ-आफ्नो प्रमुख कार्यभारबाट विमुख भएको देखिन्छ।

प्रतिनिधि सभाको पहिलो कार्यकालको अन्त्यतिरबाट टाढिएको राजनीतिक दलहरूबीचको दूरी प्रतिनिधि सभाको दोस्रो कार्यकालमा पनि सुधार हुन सकेन। संसदको प्रमुख ध्यान सरकार निर्माण, सरकार निर्माणका लागि गठबन्धन निर्माण, विश्वासको मत र संसद अवरोधमा केन्द्रित हुँदा आफ्नो प्रमुख कार्यबाट विमुख हुन पुगेको तथ्यको पुष्टि गर्न यस वर्षका संसदीय गतिविधि पर्याप्त रहे। यो वर्ष सरकारलाई पटक-पटक विश्वासको मत दिने र बजेट पारित गर्ने बाहेक मानव अधिकार, मौलिक हकको कार्यान्वयन तथा जनजीविकासँग जोडिएका कानुन निर्माण गर्ने कार्यमा सङ्घीय संसदले अग्रसरता देखाएको पाइएन। विगतका वर्षहरूभैँ यस वर्ष पनि संसदका बैठकहरूमा सांसदहरूको न्यून उपस्थिति, शीर्ष नेताहरूको नगन्य उपस्थिति हुने क्रमले निरन्तरता पायो। व्यवस्थापकीय कार्य शीर्ष नेताहरूको प्रामिकतामा परेन।

### सन् २०२३ः मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य र तथ्याङ्क

यस वर्ष मानव अधिकार उल्लङ्घनका घटनामा १ सय ४६ जना महिला र ८ सय ४२ पुरुष गरी ९ सय ८८ जना तथा ज्यादतीका घटनामा ७ हजार ७ सय १६ महिला, दुईजना *क्यू* र ६ सय ८२ जना पुरुष गरी ९ हजार ३ सय ८८ जना पीडित भएको अभिलेख भयो। सन् २०२२ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ७ हजार ३ सय ७६ जना पीडित भएका थिए। यो सङ्ख्या सन् २०२२ भन्दा २ हजार १२ जना बढी हो। यस वर्ष राज्य पक्षबाट ६ जनाको हत्या भयो। यातनाका घटनामा दुई जना, गिरफ्तारीका घटनामा २ सय ४० जना, जातीय विभेदका घटनामा ६२ जना, कुटपिटका घटनामा ४ सय १४ जना, अमानवीय व्यवहारका घटनामा ३१ जना, भेला तथा सङ्गठित हुने अधिकारमा ५ सय ५ जना पीडित भएको अभिलेख भयो। प्रहरी हिरासतमा दुई जना र कारागारमा ५१ जनाको मृत्यु भयो। संखुवासभा कारागारमा यस वर्ष प्रहरीको यातना तथा कुटपिटबाट दुई जना बन्दीको मृत्युको घटना अभिलेख भयो। राज्यको नियन्त्रणमा रहेका व्यक्तिको हत्या वा मृत्यु हुनु सामान्य विषय होइन। राज्यपक्षबाट एक जना बेपत्ता पारिए भने अन्यपक्षले बेपत्ता पारेको मानिसको सङ्ख्या दुई जना रहेको इन्सेकमा अभिलेख भयो।

### निष्कर्ष

यस वर्ष पनि जनताका आधारभूत आवश्यकता सम्बोधन गर्न राज्य चुक्यो। स्वास्थ्य, शिक्षा, रोजगारी जस्ता अधिकारका सवाल छायाँमा परे। अपाङ्गमैत्री सार्वजनिक भवन र सडक निर्माणमा सोच परिवर्तन गर्ने कार्यमा उल्लेखनीय प्रगति हुन सकेको छैन। जनताको नागरिक तथा राजनीतिक अधिकारमा सुधार भएको भए पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र शान्ति सुरक्षाको सवालमा राज्यले दायित्व निर्वाह गर्न सकेन। नेपाल पक्ष भएका मानव अधिकार महासन्धि कार्यान्वयन, राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन, विश्वव्यापी आवधिक समीक्षाका क्रममा विभिन्न राष्ट्रले दिएका सुझाव तथा सिफारिसमा नेपाल सरकारले दिएको प्रतिक्रिया एवम् गरेको प्रतिबद्धता तथा मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने विषयमा प्रायः सरकारी निकायका अधिकारी उदासीन रहे।

सशस्त्र द्वन्द्वमा पीडित भएका व्यक्तिहरूलाई सङ्क्रमणकालीन न्यायका संयन्त्र मार्फत न्याय र परिपूरण प्रदान गर्ने कुरा नेपालको विस्तृत शान्ति सम्झौताको अभिन्न अङ्ग हो। द्वन्द्वपीडितहरूलाई न्याय प्रदान नगरी नेपालको शान्ति प्रकृयाले सफतला प्राप्त गर्न सक्दैन। न्यायबिनाको शान्ति कल्पना गर्न सकिने विषय पनि होइन। सङ्क्रमणकालीन न्यायको कार्यभार राजनीतिक इच्छाशक्तिको अभावमा कदापि पूरा हुन सक्दैन।

महिला तथा बालबालिकामाथि भएका र हुने गरेका अपराधको सङ्ख्या प्रतिदिन बढेको इन्सेकको तथ्याङ्कमा देखिन्छ। महिलामाथि भएका हिंसाका घटनामा मेलमिलाप गरिने, परिवारको घेराभन्दा बाहिर लैजान नदिने चलन व्याप्त रह्यो। कानुनको प्रभावकारी कार्यान्वयन यस सन्दर्भमा नभई नहुने कुरा हो।

मानव अधिकार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, दिगो विकास लक्ष्यले तोकेका विषयहरूको स्थानीयकरण, दण्डहीनताको अन्त्य, राजनीतिको अपराधिकरणको अन्त्यजस्ता विषयमा काम हुन सके सरकारले भनेजस्तो समृद्धिका विषयले प्राथमिकता

पाउलान् भन्ने अपेक्षा गर्न सकिन्छ। सरकारले अघि सारेका नीति तथा कार्यक्रमहरूले आम जनताको जीवनमा केही परिवर्तन ल्याउन सक्यो भने मात्रै सरकार भएको अनुभूति जनताले गर्नेछन्। मानव अधिकारको परिपालनामा देखिएका कमजोरी सुधार गुर्न, दण्डहीनताको अपसंस्कार अन्त्य गर्नु पनि आजको कार्यभार हो।

**सुझाव**

- कारागारको भौतिक तथा प्रशासनिक अवस्था सुधारका लागि कारागार सुधारसम्बन्धी सरकारी प्रतिवेदनहरूमा उल्लेख भएका विषयहरूको पालना गर्नुपर्छ।
- महिला तथा बालबालिकामाथि हुने हिंसाविरुद्ध द्रुत र निरन्तर सुनुवाइ गर्न सर्वोच्च अदालतले गरेको आदेश लागु गर्नुपर्छ।
- दण्डहीनताको अन्त्यका लागि अत्यधिक बल प्रयोग भएका घटनाको न्यायिक छानविन तथा मानव अधिकार उल्लङ्घनका घटनाका दोषीहरूलाई कानुनी दायरामा ल्याउनुपर्छ।
- सर्वोच्च अदालतको परमादेश, संयुक्त राष्ट्रसङ्घ, मानव अधिकार संस्था तथा पीडितको मागबमोजिम सङ्क्रमणकालीन न्यायिक प्रक्रिया टुङ्ग्याउनु पर्छ।
- मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन सुनिश्चितता, आवधिक समीक्षाका सिफारिसको कार्यान्वयन तथा दिगो विकास लक्ष्यमा परिलक्षित उद्देश्य प्राप्तिका लागि अवधारणागत र इमान्दार प्रयत्न हुनुपर्छ। मौलिक हक र मानव अधिकार परिपूर्तिका लागि राज्यले गरेका प्रतिबद्धता, विद्यमान कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका लागि मानव अधिकारका बारेमा संचेतना शिक्षा, संरक्षण र सुरक्षा, संचेतना र सेवाको मापदण्ड, र विकास प्रशासकको क्षमता अभिवृद्धि स्थानीय तहसम्म गर्नु गराउनु पर्दछ। साथै मानव अधिकार संरक्षण संयन्त्र निर्माण, हक प्रचलन गराउने अधिकारीको प्रबन्ध, संरक्षण सेवाको पहिचान र सेवामा लगानी गर्नु पर्दछ। मानव अधिकारको न्यायोचित उपभोगमा बाधा, कुनै पनि विभेद, हिंसा, शोषण, दुर्व्यवहार विरुद्ध उजुरी गर्ने सहज संयन्त्रको प्रबन्ध हुनु पर्दछ। त्यसैले कानुनी तथा आर्थिक सामाजिक पुनर्स्थापना, विश्वव्यापी घटना व्यवस्थापन र पुनर्स्थापकीय अवधारणाका आधारमा गर्नु गराउनु राज्यका तीनै अङ्ग, तीनै तह र मानव अधिकार सम्बद्ध पक्षको दायित्व हो।

**विजयराज गौतम**
कार्यकारी निर्देशक

**सन्दर्भ सामग्री**


इन्सेक (२०८० कात्तिक १४) *पीडित पक्षको अधिकार रक्षा गर्दै शान्ति प्रकृयाका बाँकी काम टुङ्ग्याउन राष्ट्रसङ्घका महासचिव गुटरेसको आग्रह,* इन्सेक।

https://inseconline.org/np/news/%e0%a4%aa%e0%a5%80%e0%a4%a1%e0%a4%bf%e0%a4%a4-%e0%a4%aa%e0%a4%95%e0%a5%8d%e0%a4%b7%e0%a4%95%e0%a5%8b-

%e0%a4%85%e0%a4%a7%e0%a4%bf%e0%a4%95%e0%a4%be%e0%a4%b0-%e0%a4%b0%e0%a4%95%e0%a5%8d%e0%a4%b7/

राष्ट्रिय मानव अधिकार आयोग (२०७९), *राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरुबीच समन्वय र सहकार्यको रणनीतिक ढाँचा,* पृ.१६, राष्ट्रिय मानव अधिकार आयोग।

नागरिक (२०७७ माघ २२), जबरजस्ती नियुक्ति, विरोधमा बन्द, नागरिक।

https://nagariknews.nagariknetwork.com/politics/450201-1612400340.html

नयाँ पत्रिका (२०७८ साउन २१), *संवैधानिक परिषद्सम्बन्धी अध्यादेश र नियुक्तिविरुद्धको रिट : सर्वोच्चमा अस्वभाविक आलटाल, आयोगहरूमा अलमल,* नयाँ पत्रिका।

https://www.nayapatrikadaily.com/news-details/68182/2021-08-05